# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १० गते ०६ साल

## भाग ५

## परीक्षा नियन्त्रक आफिसको सूचना

श्री नेपाल राज्यभरका इन्टर मिडियट् कलेजमा भर्ना हुने विद्यार्थी एवं उक्त कलेजका प्रिन्सिपलहरूलाई थाहा होओस् भन्नाका खातिर यो तलको सूचना प्रकाश गरिएको छ ।

श्री नेपाल सरकारबाट यस्. यल्. सी. परीक्षामा उत्तीर्ण भई उही वर्ष नेपालका इन्टर मिडियट कलेजमा भर्ना हुँदा पटना विश्वविद्यालयको रजिष्टर्ड विद्यार्थी हुनालाई कंरु १५। बुझाउनु पर्नेमा सरकारबाट यस आफिसमार्फत कंरु १०। भर्ना दिने भएकोमा अब आयन्दालाई यो प्रथा नहुने भन्ने आदेशअनुसार सूचित गरिन्छ कि आगामी २००६ सालदेखि यस किसिमको सरकारतर्फबाट प्रत्येकलाई कंरु १०। दिने प्रथा खारीज गरिएको छ भनी सरोकार स्कूल, कलेजहरूलाई सूचना दिनुहोला, भनी श्रीशिक्षामन्त्रालयबाट लेखिएर आएको हुनाले अवदेखि (२००६) यो कंरु १०। यस आफिसबाट भर्ना नआउने भएकोले यो जनाउ छापि प्रकाश गरिदिएको छ ।

परीक्षा नियन्त्रक.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।